# सिद्धलेक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल ।

Email:info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np


आ.व.: २०७९/०८०
च.नं. : २८५६

मिति २०८०।०१।२५

**विषय :- छात्रवृत्तिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा सिद्धलेक गाउँपालिकाको को आ व २०७९।०८० को स्वीकृत कार्यक्रम अन्तगरगत निम्न विषयहरुमा उच्च शिक्षामा अध्ययन गरीरहेका विद्यार्थीहरुको लागि छात्रवृत्ति प्रदान गरिने कार्यक्रम रहेकोले तपसिलका योग्यता भएका विद्यार्थीहरुले उल्लेखित कागजपत्रहरुको साथमा तोकिएको ढाँचामा यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र रीतपूर्वक गाउँपालिकामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आवेदन दिन आवश्यक योग्यताहरु**

१) यस गाउँपालिका भित्र स्थायी बसोबास भई सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि एस.इ.इ. (SEE) सम्म निरन्तर अध्ययन गरी +२ मा विज्ञान विषयमा वा सो सरह उत्तीर्ण गरेका विद्यार्थीहरुलाई इन्जिनियरिङ (सिभिल, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल, मेकानिकल, कम्प्युटर, BSc IT), चिकत्साशास्त्र (MBBS, BSc/BN Nursing, BPH, BDS, BMLT, B Pharma, BSc Microbiology, BSc FT), Pilot, CA, वनविज्ञान, कृषि तथा भेटनरी विषयमा स्नातक तहमा अध्ययनरत रहेका।

२) यस गाउँपालिका भित्र स्थायी बसोबास भई सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि एस.इ.इ. (SEE) सम्म निरन्तर अध्ययन गरी +२ वा सो सरह उत्तीर्ण गरेका जेहेन्दार विद्यार्थीहरु तथा एस.इ.इ.(SEE), (CTEVT) को शिक्षा लिएका, +२, स्नातक, स्नातकोत्तरमा अध्ययनरत रहेका दलित, विपन्न, जेहेन्दार, न्यून आय भएका समुहका विद्यार्थीहरु ।

**आवेदनको साथमा सम्लग्न गर्नुपर्ने कागजातहरु**

१) गाउँपालिकाको स्थायी बासिन्दा भएको प्रमाण खुल्ने प्रमाणपत्र (नागरिकता वा जन्म दर्ता प्रमाणपत्र )

२) सामुदायिक विद्यालयबाट कक्ष ८ र एस इ इ (SEE) उत्तीर्ण गरेको प्रमाणपत्र।

३) सम्बन्धित वडाबाट विवरण खुलेको सिफारिस पत्र।

४) कलेज वा प्राविधिक शिक्षालयमा भर्ना गरेको प्रमाणपत्र शुल्क तिरेको रसिद र कलेज वा शिक्षालयमा निरन्तर अध्ययनरत रहेको र कुनै छात्रवृत्ति प्राप्त नगरेको खुल्ने सिफारिस।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**नारायण प्रसाद अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

(पुनश्च : यस अघि आवेदन पेश गरेका आवेदकहरुको हकमा माथि उल्लेखित कागजपत्रहरु पेश नभएको भएमा तोकिएको मिति भित्र अनिवार्य पेश गर्नुहुन।)

Scanned with CamScanner

## अनुसूची-१

## छात्रवृत्रिको लागि दिइने निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू,
सिद्धलेक गाउँपालिका, धादिङ

**विषयः छात्रवृत्ति सम्वधमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा हाल म ....................................विश्वविद्यालय/कलेजमा..................तहको ...........वर्षम ाअध्ययन गरि रहेको/ रहेकी छु । मेरो निम्न आर्थिक अवस्थाको कारणले पढाइमा निरन्तरता दिन समस्या भएकोले मलाई यस गाउँपालिका वाट उपलब्ध हुने प्राविधिक शिक्षा छात्रवृत्तिउपलव्ध गराइदिनु हुन अनुरोध गर्दछु ।

निवेदकको

दस्तखत

नामः

ठेगानाः

मितिः

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

१. गाउँपालिकाको स्थायी वासिन्दा भएको प्रमाण खुल्ने प्रमाण पत्र (नागरिकता वा जन्मदर्ता प्रमाण पत्र)
२. सामुदायिक विद्यालयवाट कक्षा ८ र एसईई उत्तिर्ण गरेको प्रमाणपत्र
३. सम्वन्धित वडावाट विवरण खुलेको सिफारिस पत्र ।
४. कलेज वा प्राविधिक शिक्षालयमा भर्ना गरेको प्रमाण, शुल्क तिरेको रसिद र कलेज वा शिक्षालयमा निरन्तर अध्ययनरत रहेको र कुनै छात्रवृत्ति प्राप्त नगरेको खुल्ने सिफारिस ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner